नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२०००८२, ०१-४२००६००
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
वेबसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं :

## प्रेस विज्ञप्ति

मिति २०८३ वैशाख ४ तदअनुसार १७ अप्रिल २०२६ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय सिता बादीसँग नेपालका लागि जापानका राजदूत H.E. Mr. MAEDA Toru ले मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नु भयो।

उक्त भेटवार्ताका अवसरमा माननीय मन्त्री बादीले नेपाल र जापानबीचको दीर्घकालीन, मैत्रीपूर्ण तथा सहयोगात्मक सम्बन्ध, महिला सशक्तीकरण, बालअधिकार संरक्षण, ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन, सामाजिक सुरक्षा तथा समावेशी विकासका विषयमा विचार राख्नु भएको थियो। भेटका क्रममा माननीय मन्त्री बादीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हक, अधिकार, संरक्षण र सशक्तीकरणका क्षेत्रमा नेपाल सरकारले लिएका नीतिगत तथा कार्यक्रमगत प्राथमिकताहरूबारे जानकारी गराउँदै यी क्षेत्रमा जापान सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्नुभयो। साथै, आगामी दिनमा पनि आपसी सहकार्यलाई अझ सुदृढ, परिणाममुखी र प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा महामहिम राजदूतले नेपालको सामाजिक तथा मानव विकासका क्षेत्रमा जापान सरकारको निरन्तर सहयोग रहने विश्वास व्यक्त गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण, सक्षमता अभिवृद्धि र समावेशी विकासका प्रयासमा सहकार्य थप सुदृढ बनाउन जापान सकारात्मक रहेको उल्लेख गर्नुभयो।

यस शिष्टाचार भेटले नेपाल र जापानबीचको आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हित प्रवर्द्धनका क्षेत्रमा द्विपक्षीय सहकार्य विस्तार गर्न थप सहयोग पुग्ने विश्वास लिइएको छ।

..................
चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता

वि.स. २०८३ साल वैशाख ४ गते
नेपाल संवत् ११४६